(सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको)

# आ.ब. २०७५/७६ मा सम्पादित प्रमुख क्रियाकलापहरु
## (स्वत: प्रकाशन)


नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौ

फोन: ०१-४२००३०९ इमेल: info@mofaga.gov.np



२०७६ श्रावण

आ.ब. २०७५/७६ मा सम्पादित प्रमुख क्रियाकलापहरु
(स्वत: प्रकाशन)

प्रकाशक: नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
स्थानीय तह क्षमता विकास महाशाखा
सूचना तथा प्रविधि शाखा

फोन नं.: ०१-४२००२९८

वेवसाइट: www.mofaga.gov.np

इमेल: info@mofaga.gov.np

प्रकाशन: २०७६ श्रावण

# बिषयसूची


| क्र.सं. | विवरण | पेज नं. |
|---|---|---|
| १. | मन्त्रालयको स्वरुप र प्रकृति | १ |
| २. | मन्त्रालयको काम, कर्तव्य र अधिकार | २ |
| ३. | मन्त्रालयमा रहने कर्मचारी संख्या र कार्य विवरण | ४ |
| ४. | मन्त्रालयबाट प्रदान गरिने सेवा | २३ |
| ५. | मन्त्रालयका महांशाखा, शाखा र जिम्मेवार अधिकारी | २३ |
| ६. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | २५ |
| ७. | निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी | २६ |
| ८. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | २६ |
| ९. | सम्पादन गरेका कामको विवरण | २६ |
| १०. | सूचना अधिकारी, प्रवक्ता र प्रमुखको नाम पद | ५२ |
| ११. | ऐन, नियम, विनियम एवं निर्देशिकाको सूची | ५२ |
| १२. | आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण | ५३ |
| १३. | मन्त्रालय अन्तर्गत सञ्चालित कार्यक्रम आयोजनाहरुको वार्षिक प्रगति | ५६ |
| १४. | मन्त्रालयको वेभसाईट | ६३ |
| १५. | मन्त्रालयका सूचनाहरु अन्यत्र प्रकाशन भएको विवरण | ६४ |
| १६. | मन्त्रालयका निकायमा परेको सूचना माग सम्बन्धी निवेदन | ६४ |
| १७. | मन्त्रालयले गरेको सूचना सम्बन्धी थप कामहरु | ६४ |
| १८. | मन्त्रालयले गरेका कार्यक्रम र सो को प्रतिवेदन | ६४ |
| १९. | मन्त्रालयले बर्गीकरण तथा संरक्षण गरेका सूचनाको विवरण | ६४ |

## १. मन्त्रालयको स्वरुप र प्रकृति

नेपाल सरकार (कार्यविभाजन) (पहिलो संशोधन) नियमावली, २०७४ को अनुसुची- १ बमोजिम सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्थापना भएको हो। नेपालको संविधान, २०७२ जारी भएपछि सङ्घीयताको कार्यान्वयन शुरु भएको तथा संघीयताको कार्यान्वयन सँगै सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको भूमिका बढेको छ । मुख्यतया संघ, प्रदेश र स्थानीय तहमा कर्मचारीको व्यवस्थापन, विकास, निर्माण, सुशासन, सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने जस्ता विषयमा यस मन्त्रालयको भूमिका केन्द्रित रहेको छ।

नेपालको संविधान, २०७२ को धारा २९५ को उपधारा ३ बमोजिम गठन भएका गाउँपालिका, नगरपालिका मिति २०७३।११।२७ देखि लागू हुने गरी ६ वटा महानगरपालिका, ११ वटा उपमहानगरपालिका २७६ वटा नगरपालिका, ४६० वटा गाउँपालिका गरी ७५३ वटा गाउँपालिका र नगरपालिका कायम भएको छ । जनताको अधिकार जनताकै घरदैलोमा पुगेको छ । यस मन्त्रालय अन्तर्गत स्थानीय पूर्वाधार विभाग, निजामती अस्पताल, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, निजामती किताबखाना, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान गरी ५ वटा विभागिय कार्यालयका अतिरिक्त ७७ वटा जिल्ला समन्वय समिति क्रियाशील रहेका छन् ।

मन्त्रालयको कार्यसञ्चालनका लागि नेपालको संविधान, २०७२ अनुरुप राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व समेतलाई आत्मसात गरी कार्य गर्दै आएको छ ।

**स्थानीय तहको विवरण**

| | |
|---|---|
| जिसस | ७७ |
| गाउंपालिका | ४६० |
| नगरपालिका | २७६ |
| उपमहानगरपालिका | ११ |
| महानगरपालिका | ६ |
| म.न.पा. वडा | १७४ |
| उ.म.न.पा वडा | २३४ |
| न.पा वडा | ३११९ |
| गा.पा. वडा | ३२१६ |
| जम्मा वडा संख्या | ६७४३ |

स्थानीय तहको शासन सञ्चालन सम्बन्धमा स्थानीय सरकार संचालन ऐन, २०७४ तथा समय-समयमा जारी भएका स्थानीय तह सम्बन्धी विभिन्न क्षेत्रगत कार्यविधि तथा निर्देशिकाले मार्ग निर्देशन गर्दै आएको छ ।

नवगठित स्थानीय तहहरुबाट हुने सेवा प्रवाहमा प्रभावकारिता, गुणस्तरीयता तथा एकरुपता होस् भन्ने हेतु सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न नमूना कानूनहरु जारी गरिएको छ ।